# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
शैक्षिक प्रशासन महाशाखा
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

फोन न: ०५६-५२५४९०
Email: bmceducationsection@gmail.com


प.स: २०७८/७९
च.न: (शिक्षा) १५१८

छात्रवृत्तिको लागि निवेदन पेश गर्ने सम्बन्धी भरतपुर महानगरपालिकाको सूचना।
प्रकाशन मितिः-२०७८/१२/११

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका वार्षिक नगर विकास योजना आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्राविधिक उच्च शिक्षा स्नातक र स्नातकोत्तर तह अध्ययन गर्ने अपाङ्गता भएका, लोपोन्मुख, अतिसिमान्तकृत, दलित तथा सहिद परिवारका छात्रछात्राहरुको लागि छात्रवृत्ति वापतप्रति व्यक्ति वार्षिक रु. १०,०००।- (अक्षरुपी दश हजार रुपैयाँ) उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा भरतपुर महानगरपालिकाभित्र स्थायी बसोबास भएका प्राविधिक उच्च शिक्षा (स्नातक र स्नातकोत्तर तह) अध्ययन गर्ने निम्नलिखित समूहका छात्रछात्राहरुलाई तपसिलको विवरण सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र भरतपुर महानगरपालिका शैक्षिक प्रशासन महाशाखामा निवेदन पेश गर्न हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

निवेदन साथ संलग्न गर्नुपर्ने कागजात

१. निवेदन
२. अध्ययन गरिरहेको संस्थाको नियमित विद्यार्थी भएको सिफारिस
३. महानगरपालिकाभित्र स्थायी बसोबास भएको सम्बन्धित वडाको सिफारिस
४. अपाङ्गताको हकमा अपाङ्ग परिचय पत्रको प्रतिलिपि
५. सहिद परिवारको छात्रछात्राको हकमा सहिद परिवारको सदस्य भएको जिल्ला प्रशासन कार्यालयको पत्रको प्रमाणित प्रतिलिपि
६. दलित छात्रछात्राको हकमा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित प्रमाण पत्रको प्रतिलिपि
७. नागरिकता वा बसाइँ सरी आएकाको हकमा बसाइँसराइको प्रमाणपत्रको प्रतिलिपि
८. सामुदायिक विद्यालयबाट अध्ययन गरेका विद्यार्थीलाई प्राथमिकता दिइने छ।

प्राविधिक शिक्षा अन्तर्गतका विषयहरु - *चिकित्सा क्षेत्र* - *MBBS, BDS,B Perfusion Techniligy, BAMS, BNS, B.Sc. MLT, B.Sc. Medical Microbiology, B.Sc. Medical Biochemistry, B.Sc. MIT, B. Pharma, B. Optometry, Bpt, BPH, B.Sc. Nursing*

*कृषि तथा भेटेनरी* - *B.Sc. Agriculture, B.V.Sc. & A.H.*

*इञ्जिनियरिङ*
*B.Sc. CSIT, BIT, B.Tech. Food, B.Sc. Nutrition & Dietetics*

माथि उल्लेखित विषयमा स्नातकोत्तर तह अध्ययनरत विद्यार्थीले समेत निवेदन दिन सक्ने।

२०७८/१२/१०

महेन्द्रप्रसाद पौड्याल
नगर शिक्षा अधिकारी